उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

## बाढी पूर्वानुमान बुलेटिन(Flood Forecast Bulletin)

(जारी मितिः २०७८-०४-३२ गते बिहान ०७ बजे)

### नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कोशी, नारायणी, कर्णाली, महाकाली र यिनका सहायक नदीहरुमा बहाव सामान्य रहेको तथा सबैमा सतर्कता तह भन्दा तलै रहेको छ।

### बाढी पूर्वानुमान (Flood Forecast)

पूर्वानुमान आजः श्रावण-३२ गते सोमबार (बिहान ७ बजे देखि २४ घण्टा)

- कोशी र यसका सहायक नदीहरु तमोर, अरुण, दुधकोशी, मेलम्ची, इन्द्रावती, सुनकोशीमा बहाव बढ्ने; नारायणी, कर्णाली, महाकाली र यिनका सहायक नदीहरूमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ।
- कमलामा बहाव उल्लेख्य बढ्ने र सतर्कता तह पार गर्न सक्ने; कन्काई, बागमती, पूर्वी रासी र तिनाउमा बहाव बढ्ने;, पश्चिम रासी र बबई लगायतका मझौला नदीहरुमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ।
- प्रदेश १ को इलाम, झापा, उदयपुर, ओखलढुङ्गा, खोटाङ, भोजपुर, संखुवासभा, सोलुखुम्बु; प्रदेश २ को बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा; बागमती प्रदेशको सिन्धुली, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, काठमाडौं उपत्यका, चितवन; गण्डकी प्रदेशको गोरखा, तनहुँ, स्याङ्जा, नवलपुर; लुम्बिनी प्रदेशको नवलपरासी, पाल्पा, अर्घाखाँची, रुपन्देहि, कपिलबस्तु, दाङ, बाँके; सुदूरपश्चिम प्रदेशको कञ्चनपुर, कैलाली, अछाम, डोटी, डडेल्धुरा र आसपासका जिल्ला भई बहने स-साना नदीहरुमा बहाव बढ्ने र केहीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने पूर्वानुमान छ।

पूर्वानुमान भोलिः भदौ-०१ गते मंगलबार (बिहान ७ बजे देखि २४ घण्टा)

- कोशी, नारायणी र यिनका सहायक नदीहरूमा बहाव बढ्ने; कर्णाली, महाकाली र यिनका सहायक नदीहरूमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ।
- कन्काई, कमला र पूर्वी रासीमा बहाव बढ्ने; बागमती, पश्चिम रासी र बबई लगायतका मझौला नदीहरुमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ।
- प्रदेश १, प्रदेश २, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको मध्यपहाड, चुरे र तराईको भूभाग भई बहने स-साना नदीहरुमा बहाव बढ्ने र केहीमा आकस्मिक बहाव (Flash Flood)हुन सक्ने पूर्वानुमान छ।

पूर्वानुमान पर्सीः भदौ-०२ गते बुधबार (बिहान ७ बजे देखि २४ घण्टा)

- कोशी, कर्णाली, नारायणी, महाकाली र यिनका सहायक नदीहरूमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ।
- कन्काई, कमला र पूर्वी रासीमा बहाव बढ्ने; बागमती, पश्चिम रासी र बबईमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ।
- प्रदेश १, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको चुरे र तराईको भूभाग भई बहने केही स-साना नदीहरुमा बहाव सामान्य बढ्ने पूर्वानुमान छ।

### सरोकारवालाका लागि परामर्श (Advisory):

- आज कोशीका सहायक नदीहरु तमोर, अरुण, दुधकोशी, मेलम्ची, इन्द्रावती, सुनकोशीमा बहाव बढ्ने; कन्काई, बागमती, पूर्वी रासी र तिनाउमा बहाव बढ्ने; विशेषगरी कमलामा बहाव उल्लेख्य बढ्ने र सतर्कता तह पार गर्न सक्ने पूर्वानुमान रहेकाले उक्त नदीहरुका तटीय क्षेत्र तथा डुवान भईरहने क्षेत्रहरूमा सतर्कता अपनाऔ।

(*बाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ।* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।)

नोटः पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels (Around 85 Stations) under Flood Forecasting Section, DHM*
   http://hydrology.gov.np/#/river_watch?_k=gzpi9i
   http://hydrology.gov.np/#/rainfall_watch?_k=xkinrg
2) *MFD Rainfall Forecast (http://mfd.gov.np/content/?id=3276)*
3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform ( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*
12) *Other Global Flood Forecasts*
13) *Satellite Cloud Picture*
14) *Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइटः लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुकः Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।